# स्थानीय राजपत्र

## गल्छी गाउँपालिकाद्धारा प्रकाशित

**खण्ड:** **संख्या:** **मिति: २०७७/०३/२४**

**भाग: २**

**आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि गल्छी गाउँपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना:**

आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि गल्छी गाउँपालिकाका सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम गल्छी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "**गल्छी गाउँपालिकाको विनियोजन ऐन, २०७७**" रहेको छ ।

(२) यो ऐन सम्बत् २०७७ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्नेअधिकार (१) आर्थिक वर्ष २०७७/७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७२,८२,८७,४५५.१० (बहत्तर करोड बयासी लाख सतासी हजार चार सय पचपन्न रुपैयाँ दश पैसा) मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । तर नेपाल सरकार,

प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने थप सशर्त अनुदानको हकमा प्राप्त भए वमोजिम तथा निशर्त अनुदानको हकमा कार्यपालिका बैठकको निर्णय बमोजिम खर्च गर्न सकिने छ ।

३. विनियोजन
(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त गल्छी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. कार्यबिधि तथा मापदण्ड बनाउन सक्ने : यस ऐनको कार्यान्वन गर्न गल्छी कार्यपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ सो कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित गरेपछी कार्यान्वयन गरिनेछ ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | आम्दानीको श्रोतहरु | बजेट रकम |
|---|---|---|
| १ | आ.व. ०७६/७७को मौज्दात हुने अनुमानित रकम | १९,३१,०६,२५५.१०/- |
| २ | संघीय वित्तीय समानीकरण | १४,०३,००,०००/- |
| ३ | संघीय राजस्व बाँडफाँड | ७,५२,९३,२००/- |
| ४ | संघीय ससर्त अनुदान | १५,६४,००,०००/- |
| ५ | संघीय बिशेष अनुदान | २००००००००/- |
| ६ | संघीय समपुरक अनुदान | ७५०००००/- |
| ७ | प्रदेश वित्तीय समानीकरण | १०१९८०००/- |
| ८ | प्रदेश राजस्व बाँडफाँड | १५८५९०००/- |
| ९ | प्रदेश ससर्त अनुदान | १७५११०००/- |
| १० | प्रदेश समपुरक अनुदान | २००००००००/- |
| ११ | जि.स.स. मौज्दात कोष | ६००००००/- |
| १२ | आन्तरिक आय (जि.स.स. मौज्दात कोष सहित) | ७२९२००००/- |
| | कुल जम्मा | ७२९०८७४५५.१०/- |

| गल्छी गाउँपालिकाको कुल खर्च हुने बजेट | | |
|---|---|---|
| क्र.स. | विवरण | विनियोजित रकम |
| १ | बिशेष समपुरक र ससर्त | १९,३९,११,०००/- |
| २ | संघ समपुरक | ७५,००,०००/- |
| ३ | प्रदेश समपुरक | २,००,००,०००/- |
| ४ | गाउँपालिका तर्फबाट समपुरक | ४,७५,००,०००/- |
| ५ | चालु खर्च | ११,८६,५०,०००/- |
| ६ | अनिवार्य दायित्वप्रदेश हिस्सा गत बर्षको समेत (ठेक्का लगाईएको रकममा बन्दाबन्दि समयको छुट) | २,३६,५५,०००/- |
| ७ | बिषयगत (पूर्वाधार बाहेक) | ६,४८,३७,०००/- |
| ८ | वडा स्तरीय योजना | ६,३०,००,०००/- |
| ९ | गाउँपालिका स्तरीय योजना (पूर्वाधार बिकास योजना समेत) | १९,००,३४,४५५.१०/- |
| | कुल जम्मा | ७२,९०,८७,४५५.१०/- |